# सोलुदुधकुण्ड नगरपालिका
༄༅། །སོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་སྐྱན་ཁང་།
## नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु ।
प्रदेश नं. १ नेपाल

प.स २०७९/०८०.
च.नं.

## मत्स्य मिसन कार्यकम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना
**( प्रथम पटक प्रकाशित मितिः२०७९/०९/२९)**

यस सोलुदुधकुण्ड नगरपालिकाको पशुपंछी सेवा शाखाको आ.व २०७९/०८० मा स्वीकृत कार्यकम अनुसार "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकाश कार्यकम सञ्चालन सम्बन्धी कार्यविधि,२०७९" बमोजिम तपशिल अनुसारका कार्यकम संचालन गर्न ईच्छुक कृषक /सहकारी/ संस्था/ नीजि फर्म/कृषक समूहहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र(मिति२०७९/१०/१३ गते सम्म) कार्यालय समयमा आवश्यक कागजात र तोकिएको ढाचाँ अनुसारको आवेदन फारम सहित पशुपंछी सेवा शाखामा निवेदन दर्ता गर्नु हुन आह्वान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनोटका लागि समावेश नहुने व्यहोरा जानकारी गराईन्छ ।

**कार्यक्रमको विवरण**

| क.स | कार्यक्रमको शिर्षक | कुल बजेट रु. | उपलब्ध हुन सक्ने अनुदान प्रतिशत | कार्यक्रमको ढाँचाँ | कैफियत |
|---|---|---|---|---|---|
| १. | मत्स्य मिसन कार्यकम | १९,७०,०००।– | नगरपालिकाको तर्फबाट ५०% र कृषकको तर्फबाट ५०% | लागत साझेदारी | |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः**

१.निवेदन र व्यावसायिक कार्ययोजना ।
२.नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र सम्बन्धित वडाको सिफारिस ।
३.प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा संस्था/फर्म/व्यवसाय दर्ता तथा नविकरण र स्थायी लेखा नं.को प्रतिलिपि ।
४.कार्यकम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि ।
५.कृषक समूह/समिति/सहकारीले कार्यकम संचालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि ।
६.अघिल्लो आर्थिक बर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
७.यसै प्रकृतिको कार्यका लागि विगत दुई(२) बर्षसम्म अनुदान नलिएको स्व–घोषण पत्र ।
८.निमार्ण कार्यको हकमा लागत इस्टिमेट सम्बन्धित वडाको प्राविधिकबाट र मेसिनरी औजारको हकमा स्पेसिफिकेशनको प्रतिलिपि ।
९. फर्मको हकमा सूचना प्रकाशित मिति अगावै यस नगरपालिकाको पशुपंछी सेवा शाखामा सूचिकृत भएको हुनुपर्नेछ ।
१०.कार्यकम सम्बन्धी अन्य आवश्यक कागजातहरु ।

**नोटः**निवेदन र कार्ययोजनाको ढाँचाँ सोलुदुधकुण्ड नगरपालिकाको website www.solududhkundamun.gov.np र पशुपंछी सेवा शाखाबाट निःशुल्क रुपमा प्राप्त गर्न सकिनेछ ।

थप जानकारीको लागि
९८६९३४७०४०, ९८४०३०६२०४
सोलुदुधकुण्ड नगरपालिका पशु सेवा शाखा

कोपिला राई
प्रमुख प्रशासकीय अधिकृत

Phone No-038520264,Fax No-038520248 Website -www.solududhkundamun.gov.np
Email- solududhkundamun@gmail.com
"स्वच्छ र सक्षम निजामती प्रशासन :समृद्धि र सुशासन"